सिद्धलेक गाउँपालिका नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ४, आषाढ २६ गते, २०८० साल

## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सिद्धलेक गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत २०८० सालको ऐन नं. ४

### सिद्धलेक गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मितिः २०८०।०३।२५

प्रमाणीकरण मितिः २०८०।०३।२६

सिद्धलेक गाउँपालिका

**प्रस्तावना:**

**सिद्धलेक गाउँपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्यवनमा सहयोग र सहजीकरण गर्न,सार्वजनिक तथा निजि सम्पत्तिको सुरक्षा गरी गाउँपालकामा कानूनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न गाउँपालिका क्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल संबोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै पालिकावासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्नको लागि नगर प्रहरी गठन,सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,**

**नेपालको संविधानको धारा ५७ (४) बमोजिम र धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२(१) बमोजिम सिद्धलेक गाउँपालिकाको तेह्रौं गाउँसभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ।**

## परिच्छेद १
## सङ्क्षिप्त नाम र प्रारम्भ

**१. सङ्क्षिप्त नाम र प्रारम्भ:**

(१)यो ऐनको नाम “नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८०” रहेको छ ।

(२)यो ऐन गाउँसभाद्वरा पारित भएको मिति देखिलागू हुनेछ ।

**२.परिभाषा:** विषय र प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) “ऐन” भन्नाले सिद्धलेक गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन, २०८० लाई सम्झनु पर्दछ ।

(ख) “गाउँपालिका” भन्नाले सिद्धलेक गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) “सभा”भन्नालेसिद्धलेक गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

(घ) “अध्यक्ष”भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ “उपाध्यक्ष”भन्नाले गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(च) “प्रमख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “तोकिएको वा”“तोकिए बमोजिम भन्नाले यस ऐन वा सो अन्तर्गत बनेका नियम द्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ज) “जवान” भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्दछ ।

(झ) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवान लाई सम्झनु पर्छ ।

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठन:** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा रहनेछ ।
नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारी हरूको संख्या कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) नगर प्रहरी अधिकृत र जवानहरुको तलब र सेवाको अन्वय शर्त कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकाको हुनेछ र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४. गाउँपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद र तह:**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्यविवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिाकार समेत उलेख गरिनेछ ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम हुनेछ । अन्य कार्यको हकमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्यर अधिकार

**५. नगर  प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार:**

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यन्वयन गर्ने,

(२) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) गाउँपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन ,

(४) गाउँपालिकाको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवथापन ,

(५) गाउँपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन ,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन ,

(७) सार्वजनिक, ऐलानी पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(८) गाउँपालिकाको वडा एरियाहरूमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य स्रोत साधन सहित तत्काल परिचालन हुने,

(९) विपद् व्यवस्थापन सम्बन्धी घटनाहरूमा परिचालन भई तत्काल खोजी, उद्दार, राहत तथा पुर्नस्थापनामा कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

(१०) अनाधिकृत विज्ञापन तथा होर्डिङ्गबोर्ड नियन्त्रण,

(११) छाडा पशुचौपायाको नियन्त्रण,

(१२) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१३) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(१४) स्थानीय स्तरका जडिवटी तथा गैह्र काष्ठजन्य वनपैदावरको संरक्षण गर्ने,

(१५) प्रकृतिक स्रोत र साधनको संरक्षण गर्ने,

(१६) खानी तथा खनिज पदार्थको संरक्षण गर्ने,

(१७) वन जगंल, वन्यजन्तु, चराचुरुङ्गी तथा बातावरण संरक्षण,

(१८) नदीमा करेण्ट लगाउने, विषादी हाल्ने जस्तो अवैध कृयाकलापको नियन्त्रण,

(१९) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद ४
## तह विभाजन र पदपूर्ति

**६. पद सृजना तथा दरबन्दी खारेज :**

(१) गाउँपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरूका सृजना तथा खारेजी कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

(२) दरबन्दी सृजना तथा खारेजीका लागि प्रस्ताव पेस गर्नु भन्दा अघि सो पद सिर्जना गर्नपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सक्ने र नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले सङ्गठनात्मक स्वरूपमा पार्ने प्रभाव स्पष्टगरी कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ ।

(३) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानून बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(४) नगर प्रहरी पदहरु स्थायी हुने छैनन ।

(५) वडा कार्यालयहरूमा समेत नगर प्रहरीको क्रमश: व्यवस्था गरिनेछ ।

**७. नगर प्रहरीहरूको शुरु नियुक्ति हुने पदहरू :**

नगर प्रहरीको देहायका पदहरू खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरूमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(१) नगर प्रहरी सहायक निरीक्षक  १ जना

(२) नगर प्रहरी हवल्दार  १ जना

(३) नगर प्रहरी सिपाई (जवान) ३ जना

**८. नियुक्ति गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

**९. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरू:**

(१) नगर प्रहरी सहायक निरीक्षक पदको लागि हुन खुल्ला प्रतियोगिताको योग्यता अनसूची- १ बमोजिम हुनुेछ ।

(२) नगर प्रहरी हवल्दार पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनसूची-२ बमोजिम हुनेछ ।

(३) नगर प्रहरी सिपाई (जवान) पदको लागि हने खुल्ला प्रतियोगिताको योग्यता अनसूची-३ बमोजिम हुनेछ ।

**१०. पदपूर्तिसमिति: नगर प्रहरी कर्मचारीको पदपूर्तिका लागि देहाय बमोजिमको एक पदपूर्ति समिति रहने छ।**

(क) सिद्धलेक गाउँ पालिकाका प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालय धादिङका अधिकृत स्तरकका कर्मचारी - आमन्त्रित सदस्य

(ग) सिद्धलेक गाउँपालिकाका प्रशासन शाखा प्रमुख - सदस्य

(घ) जिल्ला वा इलाका प्रहरी कार्यालयका प्रहरी कार्यालयको प्रहरी नीरिक्षक वा सो भन्दा माथिल्लो श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य (विज्ञ)

(ङ) नेपाल सरकारको सुरक्षा निकायवाट सेवानिवूत अधिकृत कर्मचारी - सदस्य (विज्ञ)

**११ .पदपूर्ति समितिको काम, कर्तव्य रअधिकार :**

(१) दफा ७ बमोजिम पदपूर्तिका लागि प्रतिशत निर्धारण गर्ने ।

(२) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने ।

(३) पदपूर्ति कार्यतालिका बनाउने ।

(४) परीक्षाको किसिम तोक्ने ।

(५) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(६) परीक्षा सञ्चालनतथा नतिजा प्रकाशन गर्ने ।

(७) नियुक्तिका लागि सिफारिस गर्ने ।

(८) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्ति सँग सम्बन्धित अन्य कार्य गर्ने ।

(९) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१२.योग्यताक्रम सूची तयार गर्ने:**

(१) उम्मेदवारहरूले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेस गर्नेछ । कुल रिक्त पदको बढीमा पन्ध्र प्रतिशत सम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) सिफारिस गरिएका व्यक्तिहरूलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेस गर्नेछ ।

(३) नियक्तिको लागि सिफारिस भएको मितिले पैंतीस दिन भित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरिसक्नु पर्नेछ ।

(४) निर्णय भएको मितिले सातदिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियक्ति पत्र दिनुपर्नेछ ।

(५) वैकल्पिक उम्मेदवारहरूले छ महिना सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वत: खारेज हुनेछ ।

**१३.जेष्ठता क्रम कायम गर्ने :**

(१) नगर प्रहरी सहायक निरीक्षकको ज्येष्ठताक्रम कायम गर्दा निजहरूले आधारभूत तालिममा प्राप्त गरेको अंको आधारमा कायम गरिनेछ ।

(२) बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै जेष्ठताक्रम मानिनेछ ।

**१४.परीक्षणकालमा राखिने:** नयां नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई छ महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्नेछ ।

सिद्धलेक गाउँपालिका

**१५. नियुक्ति सदर:** परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उतिर्ण भएमा तोकिए बमोजिमको सपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद ५
## आचरण

**१६. दान उपहार लिन नहुने:** नगर प्रहरीले गाउँपालिकाको पूर्वस्वीकृत विना स्वदेशी तथा विदेशी सङ्घ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली रउपहार स्वीकार गर्नुहुदैन ।

**१७. चन्दा लिन नहुने:** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्न हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्तगर्ने काममा समेत भाग लिनु हँदैन ।

**१८. सम्पत्तिको विवरण पेस गर्नुपर्ने:** नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन (३) महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ ।

**१९. व्यापार व्यवसाय गर्न नहुने:** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्वस्वीकृती वेगर कुनैपनि व्यापार व्यवसाय गर्नु हँदैन ।

**२०. कर्तव्य पालनाको जानकारीमा आएका कुराहरू प्रकाशन गर्न नहुने:** नगर प्रहरी कर्मचारीले गाउँपालिका द्रवारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी सङ्घ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हँदैन ।

**२१. रेडियो वा पत्रिका सँग सम्पर्क राख्न नहुने:** (१) नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्रावारा प्रसारण गर्नु हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन ।

(२) उपदफा (१) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात आफ्नो सङ्गठनलाई सो को पूर्ण विवरण बारे जानकारी गराउनु पर्छ ।

**२२. गाउँपालिकाको आलोचना गर्न नहुने:** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाउँपालिका र गाउँपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्नु हुदैन ।

**२३. निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनैपनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**२४.राजनीतिमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलन लाई सहयोग गर्न हँदैन ।

**२५. समय पालन र नियमितता:** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्न ुपर्नेछ ।

**२६. अनुशासनर आज्ञापालन :**

(१) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नु पर्नेछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

(३) नगर प्रहरी कर्मचारीले Chaino f Command मा रही कार्यसम्पादन गर्नु पर्नेछ ।

**२७. बाहिरी प्रभाव पार्ननहुने:** नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्नुहुँदैन ।

**२८. नगर प्रहरी कर्मचारीले कानून विपरीत हुने गरी विवाह गर्न गराउन हुँदैन।**

**२९. लैंगिक संवेदनशील हुनुपर्ने:** कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशील रहनु पर्नेछ ।

**३०. हातपात वा जोरजुलुम गर्न नहुने :कुनै पनि नगरप्रहरी कर्मचारीले आफुभन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुंदैन।**

## परिच्छेद ६
## सजाय र पुनरावेदन

**३१.सजायः** मनासीव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ ।

(१) शारीरिक थकाई हुने(फटिक)सजाय गर्ने ।

(२) नसिहत दिने ।

(३) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(४) लापरवाहीको कारण गाउँपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गर्ने ।

(५) एक तह तलको पदमा घटुवा गर्ने ।

(६) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(७) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**३२. नसिहत दिने वा प्रतिकूल राय लेख्ने :**नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिने छ । दई्ु पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**३३. तलब वृद्धि वा पदोन्नति रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोष जनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**३४. दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइमस्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र सिद्धलेक गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(१) सन्तोषजनक काम नगरेमा ।

(२) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा ।

(३) आचरण उल्लंघन गरेमा ।

(४) मनासिव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा ।

(५) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा ।

(६) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(७) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**३५.सजाय सम्बन्धी कार्यविधि :**

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमख प्रशासकीय अधिकृतलाई हुनेछ

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृत द्ववारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसँग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सवुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वत: निलम्वित हुनेछ ।

(४) दफा ३५ बमोजिम सजायको प्रकृया अवलम्बन गर्नुपूर्व नगर प्रहरी कर्मचारीलाई सफाईको मौका दिनुपर्नेछ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत सेवा सुविधा पाउनेछ ।

**३६. सजायको आदेश जाँचवुझको लागि दिनेः** काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टिकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्तबुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलव्ध गराउन पर्नेछ ।

## परिच्छेद ७
## पोशाक



सिद्धलेक गाउँपालिका

**३७. पोशाकः** नगर प्रहरीको पोषाकको रंग, किसिम र अन्य विवरण गाउँ पालिकाले तोकेबमोजिम हुनेछ ।

**३८. प्रारम्भिक पोशाक र सामानः नगर प्रहरी कर्मचारीला**ई कार्यपालिकाले तोकिएबमोजिमको पोशाक र सामान उपलब्ध गराइनेछ ।

**३९. जाडो मौसमको लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमका लागि पोशाक कार्यालयले उपलब्ध गराइनेछ ।

**४०. अधिकृत कर्मचारीलाइ** सेरेमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइनेछ ।

**४१. तयारी पोशाकको सुविधाः नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलब्ध गराइनेछ ।**

**परिच्छेद ८**

**विविध**

**४२. पुरस्कार तथा प्रोत्साहनः** गाउँपालिकाका पदाधिकारीले आफु र मातहतका कर्मचारीहरुले कर्तव्य पालनका सिलसिलमा उल्लेखनीय प्रशंसनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

**४३. चाडपर्व खर्च  पाउनेः नगर प्रहरी कर्मचारीले खा**ईपाई आएको एक महिनाको तलब बरारबरको रकम प्रत्येक बर्ष चाडापर्व खर्चको रुपमा  पाउनेछन ।

**४४. बाधा अड्काउ फुकाऊः नगर प्रहरी कर्मचारीको सेवा, शर्त, सुविधा र संचालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।**

**४५. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आव**श्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

**४६. ऐन संशोधन** यस ऐनमा आवश्यक संशोधन सिद्धलेक गाउँसभाले गर्न सक्नेछ ।

**अनसूची - १**

**(दफा ९ उपदफा (१) संग सम्बन्धित)**

नगर प्रहरी सहायक निरीक्षक पदको लागि आवश्यक न्यूनतम योग्यता :

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको ।

(२) मान्यताप्राप्त विद्यालयबाट कम्तीमा एस.एल.सी.वा सो सरह उत्तिर्ण गरेका ।

(३) नैतिक पतन देखिने कुन फौज्दारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्चदेखि ३३ इन्चसम्म, तौल ५० के.जी. भएको ।

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट रतौल४२ के.जी. भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(११) विध्वंसात्मक कार्यमा संलग्न नरहेको ।

(१२) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरी बाट वर्खास्त नभएको ।

अनसूची -२ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

सिद्धलेक गाउँपालिका

## अनुसूची - २

**(दफा ९ उपदफा(२)संग सम्बन्धित)**

नगर प्रहरी हवल्दार पदको लागि आवश्यक न्यूनतम योग्यता :

(१)दरखास्त फारम दर्तागने अन्तिम मितिसम्म १८वर्ष उमेर पुरा भइ २५ वर्षन नाघेको ।

(२) कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्चदेखि ३३ इन्चसम्म, तौल ५० के.जी. भएको ।

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्तगरेको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(११) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(१२)भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको ।

अनसूची - ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

## अनुसूची - ३

**(दफा ९ उपदफा(३)संग सम्बन्धित )**

नगर प्रहरी सिपाई (जवान) पदको लागि आवश्यक न्यूनतम योग्यता :

(१) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भई  २५ वर्ष ननाघेको ।

(२) कम्तीमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

(३) नैतिक पतन देखिने कुन फौजदारी अभियोगमा सजाय नपाएको ।

(४) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(५) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(६) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१ इन्च देखि ३३ इन्चसम्म, तौल ५० के.जी. भएको ।

(७) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

(८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(९) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्तगरेको ।

(१०) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(११) विध्वंसात्मक कार्यमा संलग्न नरहेको ।

(१२) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको ।

अनसूची -४ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।